पाणिनी गाउँपालिका, अर्घाखाँचीद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड ५ ) अर्घाखाँची, असौज २५ गते, २०७७ (संख्या ८

भाग-२

पाणिनी गाउँपालिका, अर्घाखाँची

## मागमा आधारित कृषि कार्यक्रम  कार्यान्वयन कार्यविधि २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/०६/२४

प्रस्तावना:

पाणिनी गाउँपालीका कृषि तथा पशुपालन क्षेत्रमा व्यावसायिक रुपमा अगाडी बढीरहेको गाउँपालीका हो । यहाका कृषकहरु बिगत लामो समय देखी व्यावसायिक कृषि तथा पशुपालन कार्यमा संलग्न रहेका छन ।  अधिकांश जनसंख्या कृषि पेशामा आश्रीत हुनुको साथै व्यावसायिक  कृषि पेशामा ६वद्ध हुने जनसंख्या पनी दिनानुदिन बृद्धि हुदै गईरहेकोले कृषकहरुलाइ उनिहरुको आवश्यकता र माग बमोजिम कृषिजन्य यन्त्र उपकरण सामाग्री तथा प्रबिधी नि;शूल्क तथा अनुदानमा वितरण  गर्दा कृषकहरुको आयआर्जन बृद्धि हुनुको साथै समग्र कृषि क्षेत्रको विकासको माध्यमबाट गाउँपालिकाकै आर्थिक विकासमा टेवा पुर्याउन  बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र पाणिनी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम पाणिनी गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधीको नाम "मागमा आधारित कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८" रहेको छ।

(ख) यो कार्यविधी गाउँकार्यपालीकाबाट स्विकृत भएको मितिदेखी प्रारम्भ हुनेछ।

**२. परिभाषा**

(क) "कृषक" भन्नाले पाणिनी गाउँपालीका भित्रका वडाहरुमा व्यावसायिक रुपमा कृषि तथा पशुपालन व्यावसाय गरि कृषि तथा पशुजन्य उपजहरु उत्पादन गर्दै आइरहेका व्याक्तिहरुलाइ सम्झनु पर्दछ।

(ख) "कृषक समुह" भन्नाले पाणिनी गाउँपालीकामा बिधीवत रुपमा दर्ता भएका कृषक समुहहरुलाइ सम्झनु पर्दछ।

(ग) "कृषि सहकारी" भन्नाले डीभीजन सहकारी कार्यालय तथा पाणिनी गाउँपालीकामा बिधीवत रुपमा दर्ता भएका कृषि सहकारी संस्थाहरुलाइ सम्झनु पर्दछ।

(घ) "कृषि उपज" भन्नाले कृषि तथा पशु क्षेत्रबाट उत्पादित फलफूल, तरकारी, खाधान्न, तेलहन, दलहन, पुष्प, च्याउ, मह, माछा, मासु, दुध, अण्डा जस्ता ताजा वा नाशवान वस्तुलाइ सम्झनु पर्दछ।

(ङ) "बजारिकरण" भन्नाले कृषकहरुले उत्पादन गरेदेखि अन्तिम उपभोक्ताले उपभोग नगरुन्जेलसम्मका कृषि उपजको भण्डारण, लेवलीङ, प्याकेजीङ, ढुवानी, क्युरिङ, फ्रिजिङ, हार्भेष्टिङ लगायतका कृयाकलापहरुलाइ सम्झनु पर्दछ।

(च) "कृषि यन्त्र भन्नाले" भन्नाले कृषि तथ पशुजन्य उपजहरुको उत्पादनको लागि आवश्यक पर्ने अनुसुची १ बमोजीमका कृषि उपकरण तथा सामाग्रि हरुलाइ सम्झनु पर्दछ।

(छ) "अनुदान" कृषकहरुले माग गरेका सामाग्री तथा  प्रबिधीहरुमा पाणिनी गाउपालीकाले दीएको छुट रकमलाइ सम्झनु पर्दछ।

(ज) "पवर्द्धन" भन्नाले  कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको सहज बजारिकरण तथा अतिरिक्त मूल्य प्राप्तिको लागी गरिने प्रोत्साहनलाई सम्झनु पर्दछ।

(झ) "अनुदानग्राही" भन्नाले कृषि उपजहरुको बजारिकरणको लागि गाउँपालिका भित्र व्यावसायिक रुपमा कृषि उपजहरु उत्पादन तथा बजारिकरण गर्दै आइरहेका कृषक, कृषक समुह, कृषि फार्म र कृषि सहकारिलाइ सम्झिनु पर्दछ।

(ञ) "प्राबिधिक सहयोग" भन्नाले व्यावसायिक कृषि तथा पशुपालनको आवश्यक प्राबिधिक ज्ञानलाई सम्झिनु पर्दछ।

(ट) "प्रबिधि"  भन्नाले कृषि तथा पशुजन्य क्षेत्रमा गरिने प्राबिधिक सहयोगलाई सम्झनु पर्दछ।

(ठ) "लागत सहभागिता" भन्नाले पाणिनी गाउँपालिकाबाट वितरण गरिने कृषि यन्त्र उपकरण, सामाग्री तथा प्रबिधीहरुमा कृषकहरुले व्यहोर्नुपर्ने रकमलाई सम्झनु पर्दछ।

३ कार्यबिधीको पालना गर्नुपर्नेः

पाणिनी गाउँपालिकामा परम्परागत तथा व्यावसायिक तथा रुपमा कृषि तथा पशुपालन व्यावसाय संचालन गरिरहेका मागमा आधारित कृषि कार्यक्रममा  समावेश हुन चाहने कृषक, कृषक समुह, कृषि फार्म तथा कृषि सहकारीहरुले यो कार्यबिधीको पालना गर्नुपर्नेछ।

## परिच्छेद २

**४ उदेश्यः**

कार्यक्रम संचालनका उदेश्यहरु देहाय बमोजीमका हुनेछन ।

(क) कृषकहरुको आवश्यकता र मागमा आधारित उत्पादन सामाग्री, यन्त्र उपकरण तथा प्रबिधिमा अनुदान सहयोग गरि कृषकहरुको आयआर्जनमा बृद्धि गर्ने,

(ख) कृषकहरुलाइ कृषि तथा पशुजन्य उत्पादनको लागि प्रोत्साहन गर्ने,

(ग) गाउँपालिकामा कृषि तथा पशुजन्य उपजहरुको उत्पादन तथा उत्पादकत्व अभिबृद्धि गर्ने,

(घ) कृषिको व्यावसायिकरणबाट गाउँपालिकाको आर्थिक विकासमा टेवा पुर्याउने,

**५ अनुदानग्राही छनोट तथा सिफारिस समितिः**

गाउँपालिकामा मागमा आधारित कृषि कार्यक्रम संचालन गर्नको लागि एक अनुदानग्राही छनौट तथा सिफारिस समिति रहनेछ । छनौट समितिको गठन देहाय बमोजिम हुनेछ-

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष- | - संयोजक |
| गाउँपालिका उपाध्यक्ष- | - सदस्य |
| आर्थिक विकास समिति संयोजक | - सदस्य |
| कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना कार्यपालिका सदस्य | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| कृषि शाखा प्रमुख | - सदस्य-सचिव |

**६ अनुदानग्राही छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार –**

यस कार्यविधिमा अन्यथा लेखिए बाहेक छनौट तथा सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्यविधिको दफा ९(ख) बमोजिम प्राप्त निवेदनहरु उपर छानविन गरी अनुदान प्राप्त गर्न योग्य अनुदानग्राही छनोट गर्ने,

ख) कार्यक्रम संचालन हुने क्षेत्रहरुको स्थलगत अध्ययन गर्ने तथा स्थलगत अनुगमनबाट आएको प्राबिधिक प्रतिवेदनको आधारमा कार्यक्रमबाट लाभान्वित हुने अनुदानग्राही निर्धारण गर्ने,

ग) अनुदान प्राप्त गर्न झुटो विवरण पेश गर्ने तथा अनुदानको दुरुपयोग गर्ने कृषक, कृषक समुह, कृषि फार्म, कृषि सहकारी हरुलाई लागातार २ आ.व. सम्म गाउँपालिकाबाट वितरण हुने कुनैपनी अनुदानका कार्यक्रमहरुमा सहभागि हुन नपाउने गरि कार्वाही गर्न सिफारिस गर्ने,

घ) अनुदानका मापदण्ड तय गरि स्विकृतीको लागि गाउँकार्यपालिकामा पेश गर्ने,

ङ) यस कार्यबिधिमा उल्लेख भएभन्दा अन्य यन्त्र उपकरण तथा सामाग्रीहरुको अनुदान प्रतिशत निर्धारण गर्ने,

च) कार्यविधीले तोकेको अन्य काम गर्ने।

७ कार्यक्रमको लागि आवश्यक मापदण्ड

मागमा आधारित कृषि कार्यक्रम गर्नको लागि कृषक, कृषक समुह, कृषि सहकारी हरुले निम्नलीखित मापदण्ड पुरा गरेको हुनपर्दछ।

(क) कार्यक्रम माग गर्ने कृषक, कृषक समुह, कृषि सहकारि, कृषि फार्महरुले सम्बन्धित कृषि तथा पशु उपजहरुको व्यावसायिक रुपमा खेति तथा पालनमा संलग्न भएको हुनुपर्नेछ,

(ख) कार्यक्रम माग गरेका कृषक समुह, कृषि सहकारी तथा कृषि फार्म विधिवत रुपमा सम्बन्धित कार्यालयमा दर्ता गरेको हुनुपर्नेछ,

(ग) कृषि उपज बजारिकरणको लागि आवश्यक कृषि सामाग्री, प्रबिधी, तथा पुर्वाधार माग गर्ने कृषक, कृषक समुह, कृषि सहकारी तथा कृषि उधमीहरुले व्यावसायिक रुपमा सम्बन्धित कृषि तथा पशुजन्य उपजहरु व्यावसायिक रुपमा उत्पादन गरि बजारिकरणमा संलग्न भएको हुनुपर्नेछ,

(घ) कार्यक्रम माग गर्ने कृषक, कृषक समुह, कृषि सहकारि, कृषि फार्महरुले सोही कार्यक्रममा संघ, प्रदेश तथा स्थानिय तहबाट अनुदान नपाएको हुनुपर्नेछ।

८ अनुदान प्राप्त गर्नको लागि आवश्यक कागजातहरुः

मागमा आधारित कृषि कार्यक्रम संचालनको लागि अनुसुची २ बमोजीमका कागजपत्र आवश्यक पर्नेछ।

९ कार्यक्रम संचालन प्रक्रीयाः

क) कृषकहरुबाट कार्यक्रम माग गर्नको लागि पाणिनी गाउँकार्यपालिकाको कार्यालयबाट अनुसूची ३ बमोजिमको १५ देखी २१ दिन सम्मको सार्वजनिक सूचना जारी गरि आवेदन माग गरिनेछ।

ख) कार्यक्रम माग गर्न ईच्छुक गाउँपालिका भित्रका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फार्महरुले अनुसूची ४ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्दछ।

ग) सूचनाको आधारमा पर्न आएका आवेदनमाथी प्राबिधिक तथा स्थलगत अनुगमनका साथै दफा ६ बमोजिम गठित कार्यक्रम छनोट तथा सिफारिस समितिको निर्णय बमोजिम सम्बन्धित कृषक तथा संस्था गरिनेछ।

घ) माग गरेको कार्यक्रममा सम्बन्धीत संस्था तथा व्यक्ति छनौट भईसकेपछी सम्बन्धित संस्थालाई बजार पवर्द्धनात्मक कार्यक्रम तथा सामुहिक प्रयोजनको लागि प्रयोग हुने अनुसूचि ५ बमोजिमका सामाग्री तथा प्रबिधिहरु नि:शूल्क तथा व्याक्तीगत प्रयोजनको लागि प्रयोग हुने अनुसूची ६ बमोजिमका सामाग्री तथा प्रबिधीहरु कृषकको लागत सहभागितामा उपलब्ध गराइनेछ।

७ बचाउः यो कार्यबिधी जारी हुनुभन्दा अगाडी भएका यस कार्यक्रम संग सम्बन्धित सम्पुर्ण कार्यक्रमहरु यसै कार्यबिधी बमोजीम भएको मानिनेछ।

**अनुसुची १**

**(दफा २ को च बमोजीम)**

कृषि यन्त्र उपकरण भन्नाले तपशिल बमोजीमका सामाग्रिहरुलाइ सम्झनु पर्दछ।

१) प्लाष्टिक क्यारेट

२) सोलार ड्रायर

३) मिल्क क्यान

४) मिल्क एनाईजर

५) डीप फ्रिज

६) चिलिङ भ्याट

७) जेनेरेटर

८) फ्याटो मिटर

९) ईलेक्ट्रीक ड्रायर
१०) बोरा सिलाउने मेसिन
११) फल टिप्ने झोला
१२) फल टिप्ने औजार
१३) प्याकेजीङ्ग कार्टुन
१४) बिउँ प्याकिङको लागी आवश्यक प्लाष्टिक तथा जुटको बोरा
१५) नेपाल सरकारद्वारा उन्मोचित तथा सुचिकृत बिभीन्न वालीनालीको उन्नत तथा हाइब्रिड बिउँबिजन
१६) आधुनीक मौरीघार
१७) मौरीपालनको लागि आवश्यक पर्ने बिभीन्न उपकरणहरु(घुम्टि टोपी क्विन गेट धुवा दानी)
१८) प्लाष्टिक घर निर्माणको लागि प्लाष्टिक सिथ
१९) थोपा सिंचाई सेट
२०) प्लाष्टिक पोखरी
२१) प्लाष्टिक मल्चीङ
२२) सबै प्रकारका बिषादी छर्ने स्प्रे मेसिन
२३) हाले ट्र्याक्टर
२४) कर्न सेलर
२५) च्याप कटर
२६) डिजीटल तराजु
२७) काउँ म्याट
२८) गोठ सुधार
२९) भर्मी बेड निर्माण
३०) जैबिक बिषादी तथा जैबिक मल खरिद
३१) मुत्र संकलनको लागि टंकी निर्माण
३२) स्थायि नर्सरी स्थापना
३३) मेटल बिन
३४) सुपर ग्रेन ब्याग
३५) च्याउ खेतिको लागि ड्रम तथा  कालो सिलपाउलीन प्लाष्टिक
३६) फलफूवाली काटछाटको लागि आवश्यक सम्पुर्ण औजारहरु

३७) वालीनालीका बिभीन्न किराहरु नियन्त्रणको लागि फेरोमेन ट्र्याप
३८) जंगली बन्यजन्तु नियन्त्रणको लागि यु भी जाली
३९) बिभीन्न फलफुलका विरुवाहरु
४०) फ्रिज
४१) कृषि चुन
४२) ट्रि कटर
४३) जेनेरेटर तथा डेरी जन्य उपकरण
४४) स्प्रिङकल
४५) नर्सरी ट्रे
४६ कोकोपीट
४७) नर्सरीको लागि पारदर्शि रोल प्लाष्टीक
४८) भर्याङ
४९) ड्रील मेसिन
५०) ठेला गाडी
५१) हजारी
५२) ग्रीन नेट
५३) सिंचाईको लागि  HDP पाईप
५४) डेरि छुर्पी तथा चिज उधोगमा प्रयोग हुने सबै सामाग्रीहरु
५५) सिल्पाउलीन प्लाष्टिक डोरी

यसमा छुट हुन गएका यन्त्र सामाग्रीहरु समितिको निर्णय बमोजिम थप हुनेछन।

<u>अनुसुची २</u>

(दफा ८  बमोजीम)

कृषि तथा पशुपालनका लागि मागमा आधारीत लागत साझेदारी कार्यक्रममा आवेदन दिनका लागि निम्नलीखीत कागजात आवश्यक पर्दछ।

(क) समुह, कृषि सहकारी तथा कृषि उधमी सम्बन्धीत कार्यालयमा बिधीवत रुपमा दर्ता भएको प्रमाणपत्रको प्रतिलीपी,

(ख) कृषक समुह तथा कृषि सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलीपी,

(ग) निवेदकको नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलीपी,

(घ) संस्थाको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) संस्थाको बार्षिक लेखापरिक्षण प्रतिवेदन,
(च) अनुसूची ४ बमोजिमको निवेदन ,
(छ) सम्बन्धित वडा कार्यालयको सिफारिस।

अनुसूची ३
(दफा ९ को क बमोजिम)

मितिः

पत्र संख्या ०७६।०७७
च नं

**पाणिनी गाउँपालिका**
गाउँकार्यपालिकाको कार्यालय
दुर्गाफाँट, अर्घाखाँची

**मागमा आधारित कृषि कार्यक्रमहरुको लागि प्रस्तावना आह्वान गरिएको सुचना**
प्रथम पटक प्रकाशित मिति …………

यस पाणिनी गाउँपालिकाको आ. व. …….. को बार्षिक मागमा आधारित कृषि कार्यक्रम अन्तर्गत तपशिल बमोजीमका कार्यक्रमहरुमा सहभागी हुन ईच्छुक पाणिनी गाउँपालिका भित्रका व्यावसायिक कृषक/कृषि उधमी/कृषक समुह/ कृषि सहकारीहरुले सूचना प्रथम पटक प्रकाशित भएको मितिले (१५- २१) दिन भित्र तपशिल बमोजिमका कागजातहरु संलग्न राखी पाणिनी गाउँकार्यपालिकाको कार्यालय तथा सम्बन्धित वडा कार्यालयमा मा आवेदन पेश गर्नुहुन सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| क्र सं | कार्यक्रमको नाम | आवेदकको किसिम | अनुदानको सिमा | संलग्न गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|---|
| १ | | | | |

………………

प्रमुख प्रशासकिय अधिकृत

**अनुसूची ४**
**(दफा ९ को ख बमोजिम)**

रु १० को हुलाक टीकट

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु,
पाणिनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, दुर्गाफाँट अर्घाखाँची
मिति २०

बिषयः ............. उपलब्ध गराईदीनुहुन।

प्रस्तुत बिषयका सम्बन्धमा यस पाणिनी गाउँपालिकाको कार्यालयको मिति ……………मा प्रकाशित सूचनानुसार यसै गाउँपालिकाको वडा नं .... निवासी म ........................................... ले व्यावसायिक रुपमा ………………………………………………..आईरहेको/गर्न चाहेकोले तँहा कार्यालयबाट ….. प्रतिशत अनुदानमा/नि:शूल्क उपलब्ध हुने ………………………………… उपलब्ध गराईदीनुहुन निवेदन गर्दछु।
निवेदक दस्तखतः......................

नाम, थरः

ठेगानाः

मोवाईल नः

संस्थाको नामः

संस्थाको छाँप

## अनुसूची ५
## दफा ९ को (घ) संग सम्बन्धित

बजार पवर्द्धनात्मक कार्यक्रम तथा सामुहिक प्रयोजनको लागि प्रयोग हुने शतप्रतिशत अनुदानमा (नि:शूल्क) उपलब्ध गराइने सामाग्री तथा प्रबिधिहरु

१) तालिम
२) गोष्ठी
३) वाली उपचार सिविर
४) पशु स्वास्थ्य सिविर
५) भ्याक्सिनेसन
६) माटो उपचार सिविर
७) डेरि छुर्पी तथा चिज उधोगमा प्रयोग हुने सबै सामाग्रीहरु
८) क्रप कटीङको लागी आवश्यक सामाग्रीहरु
९) नविनतम प्रबिधीहरुको तरिका प्रदशन, नतिजा प्रदशन, उत्पादन प्रदशनको लागी आवश्यक सामाग्रीहरु
१०) खाध सुरक्षामा टेवा पुर्याउने तरकारी वालीका उन्नत तथा हाईब्रीड जनतका मिनिकिट

## अनुसूची ६
## दफा ९ को (घ) संग सम्बन्धित

व्याक्तीगत तथा सामुहिक प्रयोजनको लागि प्रयोग हुने सामाग्री तथा प्रबिधीहरु र तिनको अनुदान प्रतिशत

| क्र.सं. | कार्यक्रमको नाम | गाउँपालिकाको अनुदान (प्रतिशतमा) |
|---|---|---|
| १ | नेपाल सरकारद्वारा उन्मोचित तथा सूचिकृत बिभीन्न वालीनालीको उन्नत तथा हाइब्रिड बिउँबिजन | ५० |
| २ | आधुनीक मौरीघार<br>मौरीपालनको लागि आवश्यक पर्ने बिभीन्न उपकरणहरु (घुम्टि टोपी क्विन गेट धुवा दानी) | ५० |
| ४ | प्लाष्टिक घर निर्माणको लागि प्लाष्टिक सिथ | ७५ |
| ५ | थोपा सिंचाई सेट | ७५ |
| ६ | प्लाष्टिक मल्चीङ | ७५ |
| ७ | सबै प्रकारका बिषादी छर्ने स्प्रे मेसिन | ५० |
| ८ | हाते ट्र्याक्टर | ५० |
| ९ | कर्न सेलर | ५० |
| १० | च्याप कटर | ५० |
| ११ | डिजीटल तराजु | ५० |
| १२ | काउँ म्याट | ७५ |
| १३ | गोठ सुधार | ५० |
| १४ | भर्मी बेड निर्माण | ५० |
| १५ | जैबिक बिषादी तथा जैबिक मल खरिद | ५० |
| १६ | मुत्र संकलनको लागि टंकी निर्माण | ५० |
| १७ | स्थायि नर्सरी स्थापना | ५० |
| १८ | मेटल बिन | ५० |
| १९ | सुपर ग्रेन ब्याग | ५० |
| २० | च्याउ खेतिको लागि ड्रम तथा  कालो सिलपाउलीन प्लाष्टिक | ७५ |
| २१ | फलफूवाली काटछाटको लागि आवश्यक सम्पुर्ण औजारहरु | ७५ |
| २२ | वालीनालीका बिभीन्न किराहरु नियन्त्रणको लागि फेरोमेन ट्र्याप | ७५ |
| २३ | जंगली बन्यजन्तु नियन्त्रणको लागि यु भी जाली | ५० |
| २४ | बिभीन्न फलफूलका विरुवाहरु | ५० |
| २५ | भर्याङ | ५० |

| | | |
|---|---|---|
| २६ | फ्रिज | ५० |
| २७ | कृषि चुन | ५० |
| २८ | ट्रि कटर | ५० |
| २९ | जेनेरेटर तथा डेरी जन्य उपकरण | ५० |
| ३० | स्प्रिङकल | ५० |
| ३१ | नर्सरी ट्रे | ७५ |
| ३२ | कोकोपीट | ५० |
| ३३ | नर्सरीको लागि पारदर्शि रोल प्लाष्टीक | ५० |
| ३४ | ड्रील मेसिन | ५० |
| ३५ | ठेला गाडी | ५० |
| ३६ | हजारी | ५० |
| ३७ | ग्रीन नेट | ५० |
| ३८ | सिल्पाउलीन प्लाष्टिक डोरी | ५० |
| ३९ | प्लाष्टिक क्यारेट (कोल्ड स्टोरेज, कोल्ड रुम तथा कृषि उपजको थोक बजारको लागी मात्र) | ८५ |
| ४० | डीप फ्रिज | ८५ |
| ४१ | जेनेरेटर | ८५ |
| ४२ | ईलेक्ट्रीक ड्रायर | ८५ |
| ४३ | बोरा सिलाउने मेसिन | ८५ |
| ४४ | फल टिप्ने औजार | ८५ |
| ४५ | सिंचाईको लागि HDP पाईप | ८५ |
| ४६ | प्लाष्टिक पोखरी | ८५ |
| ४७ | सोलार ड्रायर | ७५ |
| ४८ | मिल्क क्यान | ७५ |
| ४९ | मिल्क एनाईजर | ७५ |
| ५० | चिलिङ भ्याट | ७५ |
| ५१ | फ्याटो मिटर | ७५ |
| ५२ | फल टिप्ने झोला | ७५ |
| ५३ | प्याकेजीङ्ग कार्टुन | ७५ |
| ५४ | बिउँ प्याकिङको लागी आवश्यक प्लाष्टिक तथा जुटको बोरा | ७५ |

प्रमाणिकरण मितिः २०७८/०६/२५

आज्ञाले
नेत्र प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत